गण्डकी प्रदेश सरकार

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

प.स.:२०८१/८२

च.न:

# सूचना

मिति: २०८१/०५/०५

**विषय: बीउ बिजन निरीक्षक तथा विश्लेषक नियुक्ति सम्बन्धमा**

प्रस्तुत विषयमा बीउ बिजन ऐन, २०४५ को दफा १६ (१) बमोजिम गण्डकी प्रदेशको लागि आवश्यक बीउ बिजन निरीक्षक तथा विश्लेषक प्रदेश सरकारले नियुक्ति गर्न वा तोक्न सक्ने व्यवस्था भएकाले गण्डकी प्रदेश कार्यक्षेत्र भएका र राष्ट्रिय बीउ बिजन समितिले लिएको परीक्षा उत्तीर्ण भई बीउ बिजन निरीक्षक तथा विश्लेषकको रुपमा कार्य गर्न इच्छुक निजामति कर्मचारीहरुलाई आवश्यक कागजातसहित मन्त्रालयमा आवेदन पेश गर्न भनी मिति २०८०/०४/१७ मा सूचना प्रकाशन गरिएकोमा केही आवेदन मात्र प्राप्त भएकोले राष्ट्रिय बीउ बिजन समितिले लिएको परीक्षा उत्तीर्ण भई अनुमतिपत्र प्राप्त गरेका इच्छुक निजामति कर्मचारीहरुले तपसिल बमोजिमका कागजातहरुसहित सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस मन्त्रालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि पुनः यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि- १ प्रति
२. राष्ट्रिय बीउ बिजन समितिले लिएको परीक्षा उत्तीर्ण भई प्राप्त गरेको अनुमतिपत्रको प्रतिलिपि-१ प्रति
३. बीउ बिजन निरीक्षक र विश्लेषक सम्बन्धी प्राप्त गरेको तालिमको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
४. सेवारत कार्यालयको स्वीकृति पत्र

भानुभक्त भट्टराई
वरिष्ठ कृषि विकास अधिकृत